# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मंगलसेन नगरपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मंगलसेन नगरपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मंगलसेन नगरपालिका

अछाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*


स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

## सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं.९१

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू ,

मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

मंगलसेन, अछाम ।

१. **कैफियत सहितको राय –** हामीले मंगलसेन नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ४१ लाख ९२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू.८२ लाख ४५ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २१ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १६ लाख ७९ हजार, नियमित गर्नुपर्ने रू.२ लाख ९४ हजार र पेश्की बाँकी रु.१८ लाख समेत रू. ५९ लाख ४७ हजार रहेको छ। मंगलसेन नगरपालिकाको गतवर्ष सम्म रू.९ करोड २१ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु.२ हजार सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू

रू. ९ करोड ८० लाख ५० हजार रहेको छ। नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

पशुपति कुमार काफ्ले
नायब महालेखापरीक्षक

# मंगलसेन नगरपालिका,

## अछाम

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५७ | ३१ | १४१९२ | ० | ४ | ८२४५ | ५७ | २७ | ५९४७ | २१७४ | २९४ | १६७९ | ० | ० | १९७३ | १८०० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | ९२१०५ | ० | २ | ९२१०३ | ० | ५९४७ | ९८०५० |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ४ | फिर्ता गर्न बाँकी अनुदान रकम | ३२,१४,६६०.०२ |
| २ | | ३२ | आन्तरिक आम्दानी | ५१६००.०० |
| ३ | | ३७.३ | प्रमाण नपुगेको | ५२६८०.०० |
| ४ | | ५० | शिक्षक तलब | ४९,२६,११०.०० |
| | चालु वर्षको जम्मा | | | ८२,४५,०५०.०२ |
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | २८ | शिक्षकको तलब बढी निकासा: मंगला ने. रा. मावि वलिगाउँ | १८३२.०० |
| | गत विगतको जम्मा | | | १८३२.०० |
| | कुल जम्मा | | | ८२,४६,८८२.०२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस नगरपालिकामा १४ वडा, २२०.१४ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को तथ्याङ्क अनुसार २६,५५७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०८ देखि २०८०।०५।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय — व्ययतर्फ रु. १ अर्ब ४९ करोड १८ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. २६५९६।०० असुली भई सञ्चित कोष दाखिला भएको भएको छ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति |
|---|---|---|---|
| ८०७७२४०३५११ | ममता कुमारी वि.क.बढी ग्रेड भुक्तानी | ५०८७ | २०८०।०५।१२ |
| | तुला कुमारी शाही बढी ग्रेड भुक्तानी | २५४८ | २०८०।०५।१२ |
| | अर्जुन नेपाली सामाजिक सुरक्षा भत्ता | १५९६ | २०८०।०५।२१ |
| | भविसरा थापा सोडारी बढी ग्रेड भुक्तानी | ३६२१ | २०८०।०५।२५ |
| | कृष्ण प्रसाद जैसी बढी ग्रेड भुक्तानी | ४८२७ | २०८०।०५।२५ |
| | मैना आउजी बढी ग्रेड भुक्तानी | ८९१७ | २०८०।०७।०१ |
| जम्मा | | २६५९६ | |

**(ज) वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | जम्मा | सि.नं. | विवरण | रकम | जम्मा |
| १ | गत वर्षको अल्या | | ६९६२६९१६.६३ | १ | चालुखर्च | | ४२३०३८९१८.७८ |
| १.१ | संचितकोष खाता | ५८६६१७६८.४८ | | १.१ | संघिय राजस्व वाडफाड | ८६३२७१८८.९१ | |
| १.२ | धरौटी खाता | ३३२५२१७.८७ | | १.२ | राजश्ववाँड फाँड प्रदेश | ४१०५३१६.१५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.३ | विविध खर्च खाता | १६९६३४.०८ | | १.३ | आन्तरिक स्रोत | २२६०२५३२.४ | |
| १.४ | प्रकोप व्यवस्थापन खाता | ११४२१५ | | १.४ | संघिय सर्शत अनुदान | २६५६८५४२८.४७ | |
| १.५ | विविध कोष खाता | ७३५६०८१.२ | | १.५ | संघीय समानिकरण अनुदान | ४२०४२२८०.४७ | |
| १.६ | विभाज्य कोष | | | १.६ | प्रदेश समानीकरण अनुदान | २२७६१७२.३८ | |
| २ | संचित कोष खाताको जम्मा | | ५७५६२७९२१.५४ | २ | **पुँजिगत खर्च** | | **१५१७०१७६०.२१** |
| २.१ | संघिय राजस्व वाँडफाँड | ९१९०४०९४.७६ | | २.१ | आन्तरिक स्रोत | ३२२८८७६८.४८ | |
| २.२ | प्रदेश राजस्व वाँडफाँड | ६१२३८०२.७८ | | २.२ | राजस्व वाडफाड-संघ | २०२२८१८.६५ | |
| २.३ | आन्तरिकस्रोत (राजस्व) | ११२११९४१ | | २.३ | प्रदेश राजस्व वाँडफाँड | २९९९३० | |
| २.४ | उपभोक्ता समिति लागत साहभागी | | | ३ | संघीय सरकार वित्तीय हस्तान्तरण | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.५ | संघीय वित्तीय समानिकरण | ११३६८२५०० | | ३.१ | समानिकरण अनुदान | ५४०४६८६७.०३ | |
| २.६ | संघीय शर्शत अनुदान चालु | २७९७४६००० | | ३.२ | सर्शत अनुदान | ३५८४५६४७.९५ | |
| | संघीय शर्शत अनुदान पूजिगत | ३७४१४५८३ | | ३.३ | विशेष अनुदान | ७१६१३०७.६ | |
| २.७ | संघिय समपुरक अनुदान | १४०००००० | | ३.४ | समपुरक अनुदान | १२४००००० | |
| २.८ | संघिय विशेष अनुदान | ८०००००० | | | | | |
| २.९ | प्रदेश समानिकरण अनुदान | ८५१५००० | | ४ | प्रदेश वित्तीय हस्तान्तरण | | |
| २.१ | प्रदेश शर्शत अनुदान | ० | | ४.१ | समानिकरण अनुदान | २६०६४२०.५ | |
| २.९ | प्रदेश समपुरक अनुदान | २५३०००० | | ४.२ | शसर्त अनुदान | ० | |
| २.१० | प्रदेश विशेष अनुदान | २५००००० | | ४.३ | विशेष अनुदान | २५००००० | |
| ३ | **कार्य संचालन कोष** | | १२६४४७३७.५ | ४.४ | समपुरक अनुदान | २५३०००० | |
| ३.१ | सेफहाउस अनुदान प्राप्त | १२२१३९५.५ | | ५ | **कार्यसंचालनकोष खाताहरु** | | ११६३७१५९.१७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२ | सडकबोर्ड( विविध खर्च खाता) | ६२४६०७० | | ५.१ | सेफहाउस अनुदान प्राप्त | १२२१३९५.५ | |
| ३.३ | मानसिक परामर्स केन्द्रबाट प्राप्त | १९२६६२२ | | ५.१ | सडकबोर्ड( विविध खर्च खाता) | ५४१७९२६.०३ | |
| ३.४ | दूरसंचार संस्था नेपालबाट प्राप्त | २८०८२०० | | ५.२ | मानसिकपरामर्स केन्द्रबाट प्राप्त | १९२६६२२ | |
| ३.५ | आमाबुबा नभएका बालबालिकालाई सहयोग | ९०००० | | ५.३ | दूरसंचार संस्था नेपालबाट प्राप्त | २८०८२०० | |
| ३.६ | सूचनाप्रविधि अधिकृत पारिश्रमिक | ३५२४५० | | ५.४ | आमाबुबा नभएका बालबालिकालाई सहयोग | ९०००० | |
| ४ | प्रकोपकोष खाता | | ० | ५.५ | सूचनाप्रविधि अधिकृत पारिश्रमिक | १७३०१५.६४ | |
| ५ | धरौटी खाताको आम्दानी | २४३६९६२.७६ | २४३६९६२.७६ | | | | |
| ६ | अन्तरसरकारीअख्तियारी | | १४७९५६५५९ | ५.५ | अन्तरसरकारीअख्तियारी | | १४७९५६५५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.१ | सामाजिक सुरक्षा संरक्षण | १४७४३६५५ ९ | | ६.१ | सामाजिक सुरक्षा संरक्षण | १४७४३६५५ ९ | |
| ६.२ | गरिबसंग विश्वेश्वर | ५२०००० | | ६.२ | गरिबसंगविश्वेश्वर( | ५२०००० | |
| | | | | ७ | को.ले.नि.का.फिर्तारकम | १८०६८१९८.९८ | १८०६८१९८.९८ |
| ७ | विविधआम्दानी( गत वर्षको भुक्तानी दिन बाँकी सहित) | | | ८ | धरौटीखाताको खर्च | ८१०९४७.८७ | ८१०९४७.८७ |
| | | | | ९ | वैंकमौज्दात | | ५५०७९५५३.४२ |
| | | | | ९.३ | संचीतकोष खाता | ४१४८९००३.४१ | |
| | | | | ९.४ | प्रकोपव्यवस्थापनको खाता | ११४२१५ | |
| | | | | ९.५ | धरौटीखाता | ४९५१२३२.७६ | |
| | | | | ९.६ | विविधकोष खाता | ७३५६०८१.२ | |
| | | | | ९.७ | विविधखर्च खाता | ११६९०२१.०५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ८०८२९३०९७.४३ | ८०८२९३०९७.४३ | जम्मा | ८०८२९३०९७.४३ | ८०८२९३०९७.४३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४७४३६५५९।०० र गरिबसंग विश्वेश्वरको रु. ५२००००।०० समेत गरी रु.१४७९५६५५९।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा पालिकाले वार्षिक कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क र स्रेस्ता अनुसारको मौज्दातको देहाय अनुसार छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९।३।३२को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी | कैफियत |
|---|---|---|---|---|
| १ | म.न.पा.ग-२.२ चालु खर्च खाता | ० | ५१०० | २०८०।०४।०१ मा बैंक जम्मा |
| २ | म.न.पा.ग-२.४ चालु खर्च खाता | ० | ० | ० |
| ३ | म.न.पा.ग-२.७ विविध खर्च खाता | ११६९०२१.०५ | ११६९०२१.०५ | ० |
| ४ | म.न.पा.ग-४.१ संचित खाता | ४१४८९००३.४१ | ४१४८३९०३.४१ | ० |

| | | | | |
|---|---|---|---|---|
| ५ | म.न.पा.ग-५.१ विविध कोष खाता | ७३५६०८१.२ | ७३५६०८१.२ | ० |
| ६ | म.न.पा.ग-७.२ प्रकोप व्य.कोष खाता | ११४२१५.०० | ११४२१५.०० | ० |
| ७ | म.न.पा.ग-३ धरौटी खाता | ५०१२८३२०.६६ | ५०१२८३२०.६६ | ० |

४ **फिर्ता गर्न बाँकी अनुदान रकम**

....... *(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०।१२।२३ को निर्णयबाट रु. ३,२१४,६६०.०२ सम्परीक्षण गरिएको।)*

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन।यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक अद्यावधिक गर्नुपर्नेमा गरेको पाईएन ।
- विभिन्न म.ले.प. फारम नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म.ले.प. फारमहरु मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमण प्रतिबेदन ९०९ पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा उपलब्धीमूलक बजेट कार्यान्वयन भएको देखिदैन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन । कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।
- सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। ·स्थानीय सरकार सञ्चालन

ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन।
- दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन। · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता त्रैमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।
- स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ६३,४७,९०,१९९.८५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। (रु. हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३८०२४८९७ | २८७३५४०९.७४ | ५ |
| २ | पूर्वाधार विकास | ९०१७७१९९.८५ | ७४७१८४९१.६३ | १३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | ३५६६४२६८६ | ३२०९६४१५५.७४ | ५५.८ |
| ४ | बातावरण तथा विकास | ३२३०००० | २३८२०७९ | ०.४ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २३०६९००० | १९०९८४२५.४६ | ३.३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६२१५७०००० | १२८८४६५५५.०५ | २२.४ |
| **जम्मा** | | ६७३३००७८२.८५ | ५७४७४५११६.६२ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.८ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.४ प्रतिशत रहेको छ। मध्यमकालिन खर्च संरचना तयार गरी क्षेत्रगत विकासको लागि बजेट विनियोजनको रणनीति वस्तुनिष्ठ सूचक र गन्तव्यमा आधारित हुनु पर्दछ।

---

१० **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

(रु. हजारमा)

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | **अषाढ महिना** |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेस्रो** | |
| चालु खर्च तर्फ | ४२३०४३ | १०७१६२ | १०९६३० | २०६२५१ | ८८९११ |
| पूँजिगत खर्च तर्फ | १५१७०२ | १८५४३ | ६३६५८ | ६९५०२ | ३७४०४ |
| जम्मा | ५७४७४५ | १२५७०५ | १७३२८८ | २७५७५३ | १२६३१६ |
| **प्रतिशत** | **१००** | **२१.८७** | **३०.१५** | **४७.९८** | **२१.९८** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार प्रथम चौमासिकमा रू १२ करोड ५७ लाख ५ हजार अर्थात २१.८७ प्रतिशत, दोश्रो चौमासिकमा रू १७ करोड ३२ लाख ८८ हजार अर्थात ३०.१५ प्रतिशत र तेश्रो

चौमासिकमा रू २७ करोड ५७ लाख ५३ हजार अर्थात ४७.९८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै अषाढ महिनामा मात्र रु. १२ करोड ६३ लाख १६ हजारमा अर्थात २१.९८ प्रतिशत खर्च देखिनुले वर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमामा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

---

११ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा रु.१ लाख सम्मका ३८, रू.१ लाख देखि २ लाख सम्मका ५०, रू.२ लाख देखि ५ लाख सम्मका ६३, रू. ५ लाख देखि १० लाख सम्मका १२ र रू.१० लाख भन्दा बढीका १८ गरी कुल १८१ योजनामा वजेट विनियोजन गरेको छ। पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७१ योजनामात्र कार्यान्वयन भई १० योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

---

१२ **खर्च बिश्लेषण** - पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु १,१२,११,९४१।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ५६,४४,१५,९८०.५४ समेत रु ५७,५६,२७,९२१.५४ आम्दानी भएकोमा चालु तर्फ रु ४२,३०,३८,९१८.७८ र पूँजिगत तर्फ रु १५,१७,०१,७६०.२१ समेत रु ५७,४७,४०,६७८.९९ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा १.९५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १,८५,१९,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको १६५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५ प्रतिशत चालु र २५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । जसबाट बिकास निर्माणमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकाधिक मात्रामा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

---

१३ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु ३०००।०० देखि रु२५०००।०० सम्म गरी कुल रु ६३५०००।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको ५.६६ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

---

१४ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ ।यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ । पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू ५८६६१७६८।४८ संचित कोष मौज्दात बाकी रहि यो वर्ष अल्या गरेको छ । तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू १,९४,६७,६२५।१० यो वर्षको बजेटमा भुक्तानी हुन बाकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ । यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन । त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन । सिद्दान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन । विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।

१५ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुमा पदपूर्ति नहुदा वडा स्तरीय सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिएकोले यथासिघ्र पदपुर्ति भै सेवा प्रवाहमा सुधार हुनुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १४ | १४ | ८ | ६ |

१६ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ ऐन, ६ नियमावली, १५ कार्यबिधि सहित ४५ कानुन स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |

| | |
|---|---|
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १९७५ |
| मृत्युदर्ता | २७३ |
| बसाईसराई दर्ता | १८५ |
| विवाह दर्ता | ३४८ |
| सम्बन्धविच्छेद दर्ता | ६ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवाको अभिलेख व्यवस्थापन नहुँदा मूल्याङ्कन गर्न सकिएन।

१७ **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। आफ्नो क्षेत्रभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन। सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ।

१८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको ५ गरी कुल ९ विवाद दर्ता भएकोमा ८ वटा विवाद फस्यौंट भई १ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१९ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ६ वटा नियमावली, १५ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको

छ। साथै पालिकाले ९ वटा कानूनहरु निर्माण गरी स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन्। तसर्थ आबश्यक सबै कानुन तयार गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

२० **बार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,१७,०१,७६०।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०७९।८० को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२२ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू१,०७,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।०८० मा रू. १,१२,११,९४१।०० अर्थात अनुमान भन्दा १०४.८ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आन्तरिक आम्दानी बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

२३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

(रु. हजारमा)

| केन्द्रीय अनुदानबाट खर्च | पालिका बाटै संकलित आन्तरिक आय | राजश्व बाँडफाँडबाट प्राप्त आय | कुल आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|---|
| ५,७४,७४० | ११,२११ | ९८,०२७ | ५,८८,२७२ | १.९५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५,००,०००।०० | १८,१८,३०४।०० | १२१.२२ |
| सम्पत्ती वहाल कर | ३,००,०००।०० | ३,००,०००।०० | १०० |
| व्यवसाय कर | १२,००,०००।०० | १२,००,०००।०० | १०० |
| वहाल शुल्क | ५,००,०००।०० | ९,४४,००२.६५ | १८८.८ |
| जम्मा | ३५,००,०००।०० | ४२,६२,३०६.६५ | १२१.८७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२५ **राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत १४ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ।

२६ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १२०००००।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र

रहेका सबै प्रकारका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२७ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनः स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ । यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ६७.३ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ । तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ

२८ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजिनक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन। सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा पालिकाको ध्यान जानु पर्दछ।

२९ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

३० **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषको रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु १,१४,२१५।०० र यो वर्ष कुनै आम्दानी र खर्च नभई रु १,१४,२१५।०० बाँकी रहेको देखीयो। कोभिड कोषबाट खर्च गर्ने कार्यविधि तथा नियम बनाएको अवस्था छैन। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

३१ **बार्षिक प्रतिबेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था

छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

३२ **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार १० व्यवसायिबाट रु. १३७३८१०।०० असुल गर्ने बाँकी रहेको छ। सम्झौता अनुसार असुल नभएको रकम सम्बन्धितबाट असुल हुनु पर्दछ।

| क सं | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | प्रभुनाथ खनाल | डोजर भाडा | ३४९५०० | २७७००० | ७२५०० |
| २ | हेमराज ढुङ्गाना | डोजर भाडा | ७४८७८० | ० | ७४८७८० |
| ३ | पुर्णबहादुर भण्डारी | डोजर भाडा | १८७००० | १५०००० | ३७००० |
| ४ | महादेव भाट | डोजर भाडा | १८००० | ० | १८००० |
| ५ | पाण्डब भण्डारी | डोजर भाडा | १९०३०० | १७६५०० | १३८०० |
| ६ | प्रेमबहादुर रावल | डोजर भाडा | २६४०० | ० | २६४०० |
| ७ | नैनसिंह भाट | डोजर भाडा | १२००० | ० | १२००० |
| ८ | रुप साउद | डोजर भाडा | १२००० | ० | १२००० |
| | जम्मा | | १५४३९८० | ६०३५०० | ९४०४८० |

*(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०।१२।२३ को निर्णयबाट रु. ५१,६००.०० सम्परीक्षण गरिएको।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४०,४८० |

३३ **कम्प्युटर लेखा प्रणाली** - पालिकाले लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोवारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेको सफ्टवेयर साङ्गीला कम्पनीको आय प्रणाली र कर प्रणालीप्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी आन्तरिक आय अर्न्तगत रु.१,१२,११,९४१।०० आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न सकिएन। सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका

लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

३४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा सवारी साधन तथा मेशिनरी उपकरणहरुको नियमित मर्मत संभार गर्ने गरेको देखिदैन । कतिपय मोटरसाइकलहरु बेकम्मा भएको अवस्थामा समेत लिलाम विक्रीको प्रक्रीया अगाडि बढाएको देखिदैन । नियमित मर्मत तथा संभार तथा समयमा लिलाम विक्रि गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्न पालिकाको ध्यान जानु पर्दछ ।

**घर जग्गा क्षेत्रफल र संख्याः**

| क्र. सं. | वडा नं, | जग्गाको विवरण | | | जग्गा धनीको विवरण | जग्गाप्राप्त हुँदाको मिति | जग्गा तथा संरचनाको जम्मा परल मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | नक्सासिट नं | कित्ता नं. | क्षेत्रफल | | | | |
| १ | ५ | ०२२/०८२१ | ११५३ | २२१.७३वर्ग मीटर | मंगलसेन नगरपालिका | १२/२५/२०७७ | २९२८८६ | मंगलसेन खेलमैदान |
| २ | ५ | ० | ७५३ | १७.१६वर्ग मीटर | मगलसेन नगरपालिका | १०/१०/२०७२ | १ | |
| ३ | ५ | ०२२/०८२१ | ६७३६ | ७८९.३८वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/१९/२०७६ | १०४३०००० | मंगलसेन खेलमैदान |
| ४ | ४ | २२०७८१ | ३२७६ | ३४३.०१वर्ग मीटर | मंगलसेन नगरपालिका ४ नं. वडाकार्यालय | ०१/०५/२०७६ | १ | स्वास्थ्य भवनको जग्गा वडा नं. ४ |
| ५ | ४ | ०२२/०७८१ | ३२७२ | १३११.०२२ व.मी | मंगलसेन नगरपालिका ४ नं. वडा कार्यालय | ०८/१४/२०७७ | १०३०७९९ | वडा नं. ४ को वडा कार्यालयको जग्गा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २ | २२०८९८ | १९३८ | ८०३वर्ग मीटर | मंगलसेन नगरपालिका २ नं. वडा कार्यालय | ०२/०६/२०७६ | १ | २ नं. वडा कार्यालय |
| ७ | ५ | ०२२-०८२१-२१ | १७०१ | ९९७.११६व.मी. | मंगलसेन नगरपालिका | | १ | |
| ८ | ५ | ४१ | ३६५ | २८६२.५वर्ग मीटर | मंगलसेन नगरपालिका | १०/१०/२०७२ | १ | |
| ९ | ५ | ८२१ | ८०४ | ५८६.२४वर्ग मीटर | मंगलसेन नगरपालिका | १०/१०/२०७२ | १ | |
| १० | ५ | ०२२/०८२१ | ११७० | ७६१.१५२व.मी. | मंगलसेन नगरपालिका | १२/२५/२०७७ | १००५५०० | मंगलसेन खेलमैदान |
| ११ | २ | २२०८९८४ | १४५२ | ७२३.५१वर्ग मीटर | मगलसेन नगरपालि वडा नं. २ | ०२/०६/२०७६ | १ | मंगलसेन नगरपालिका २ नं. वडा कार्यालय |
| १२ | ५ | ०२२-०८२१-२१ | १७०१ | ९९७.११६वर्ग मी. | मगलसेन नगरपालिका | १०/१०/२०७२ | १ | साबिक गाबिस |
| १३ | ५ | ०२२-०८२१-२१ | १७४० | ६७.०२५वर्ग मीटर | मंगलसेन नगरपालिका | | १ | शौचालय |
| १४ | ५ | ८२१ | ७५७ | ६०८वर्ग मीटर | | १०/१०/२०७२ | १ | |
| १५ | ५ | ०२२/०८२१ | ११५७ | ३८५वर्ग मीटर | मंगलसेन नगरपालिका | ०६/१४/२०७७ | ५०८५५० | मंगलसेन खेलमैदान |
| १६ | ५ | ०२२/०८२१ | ११७२ | ७५४.६०७वर्ग मी. | मंगलसेन नगरपालिका | १२/२५/२०७७ | ९९७००० | मंगलसेन खेलमैदान |
| १७ | ५ | ०२२/०८२१ | ११५४ | २५८९.६२६व. मी. | मंगलसेन नगरपालिका | ०३/०१/२०७६ | १ | मंगलसेन खेलमैदान कारागारको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जग्गा लिजमा |
| १८ | १३ | २२११३५ | ८९ | ५२०वर्ग मीटर | १३ नं. वडा कार्यालय बस्ती | ११/०३/२०७९ | १ | |
| १९ | १ | १/०२२०९७८ | ४७९ | ११७३.५४वर्ग मी | १ नं. वडा कार्यालय कुन्तीबण्डाली | ०१/१०/२०८० | १६६५०० | |
| २० | १३ | २२११३५ | ७३ | ५००वर्ग मीटर | १३ नं. वडा कार्यालय बस्ती | ०२/१९/२०८० | ११३००० | |
| २१ | ५ | २२०८२१ | ११७३ | ११२.६१वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/१५/२०७८ | १४८७५१ | मंगलसेन खेलमैदान, झपटराज ढुंगाना + नन्दराज ढुंगाना |
| २२ | ५ | २२०८२१ | ११५८ | १६१.९३वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/१५/२०७८ | २१३८८८ | मंगलसेन खेलमैदान, झपटराज ढुंगाना/नन्दराज ढुंगाना |
| २३ | ५ | २२०८२१ | ११५२ | ३७६.९७वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/१५/२०७८ | ४९७९४८ | मंगलसेन खेलमैदान/झपटराज ढुंगाना/ नन्दराज ढुंगाना |
| २४ | ५ | २२०८२१ | ११६७ | २४०.८७वर्ग मीटर | मंगलसेन नगरपालिका नगरकार्यपालि | ०३/२१/२०८० | ३१८१६८ | साबी/जौमती जैसी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | काको कार्यालय मंगलसेन, अछाम | | | |
| २५ | ५ | २२०८२१ | ६७३७ | ५६.७४वर्ग मीटर | मंगलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मंगलसेन, अछाम | ०३/०३/२०८० | ७४९५४ | |
| २६ | ५ | २२०८२१ | ६९५४ | ५००वर्ग मीटर | मंगलसेन नगरपालिका | १०/०३/२०७८ | ६६०४५५ | |
| २७ | ९ | २२०७८२ | ३२८ | ४६५०वर्ग मीटर | मंगलसेन नगरपालिका वडा नं. ९ वलिगाउँ अछाम | ११/१०/२०७८ | ३५७२००० | |
| २८ | ५ | २२०८२१ | ११६९ | ५९२.४३वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/०१/२०७८ | ७८२५४७ | सरु जैसी |
| २९ | १४ | २२०७८७ | ४१ | २६४०वर्ग मीटर | मंगलसेन नगरपालिका वडा नं. १४ वलिगाउँ अछाम | ०२/२४/२०७९ | २७६००० | |
| ३० | ५ | २२०८२१ | ६९५३ | १३२०वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/०३/२०७८ | १७४३६०२ | |
| ३१ | ५ | २२०८२१ | ११६१ | १६७.२१वर्ग मीटर | मंगलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय | ०३/०३/२०८० | २२०८७२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मंगलसेन, अछाम | | | |
| ३२ | ५ | २२०८२१ | ११७४ | ६४२.११वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/०१/२०७८ | ८४८१७० | रामचन्द्र ढुंगाना |
| ३३ | ५ | २२०८२१ | ११६८ | ५२८वर्ग मीटर | मंगलसेन नगरपालिका | ११/०१/२०७८ | ६९७४४१ | टंक प्रसाद ढुंगाना |

सवारी साधनहरुको विवरणः

| क्र.स | सवारीसाधन | खरिदसंख्या | मुल्य | खरिदमिति/ दाखिला मिति | गाडी नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोटरसाईकल | १ | २४५९०० | २०७१।०१।१७ | से.१.प.४७९ | धर्मेन्द्र स्वार ह.स.चा |
| २ | मोटरसाईकल | १ | २४९९०० | २०७१.०१.२९ | से.१.ब.८५१ | वडा नं.६ |
| ३ | मोटरसाईकल | १ | २४९९०० | २०७१.०१.२९ | से.१.ब.८५५ | वडा नं.३ |
| ४ | मोटरसाईकल | १ | | २०७२.०४.०१ | सु.प्र.प-०१-००३ब ४२७ | बान्नातोली वडा नं. १२ |
| ५ | मोटरसाईकल | १ | २०१९०० | २०७४.११.२९ | से.१.ब.८४६ | लेखापाल सालिमान साउद |
| ६ | मोटरसाईकल | १ | २०१९०० | २०७४.११.२९ | से.१.ब.८४५ | वडा न.७ |
| ७ | मोटरसाईकल | १ | २४९९०० | २०७५.०२.२७ | से.न.ब.८५२ | वडा नं.८/ बलराम भाट |
| ८ | मोटरसाईकल | १ | २४९९०० | २०७५.०२.२७ | से.१.ब.८५६ | वडा नं.५ |
| ९ | मोटरसाईकल | १ | २४९९०० | २०७५.०२.२७ | से.१.ब.८५४ | वडा नं.४/ ठुलासैन प्रहरी चौकी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | मोटरसाईकल | १ | २४९९०० | २०७५.०२.२७ | से.१.ब.८५३ | वडा नं.२ |
| ११ | मोटरसाईकल | १ | | २०७६.१०.०९ | सु.प्र.प.-०१-००३ब.१४०० | ईन्जिनियर खम्म बहादुर के.सी. |
| १२ | मोटरसाईकल | १ | २६६९०० | २०७६.११.१२ | सु.प्र.प-०१-००३ब.१५३१ | पुष्पभण्डारी स्वास्थ्य शाखा |
| १३ | मोटरसाईकल | १ | २३७९०० | २०७७.०६.२७ | सु.प्र.प-०१-००३ब.१६१६ | शिक्षा अ.जगत बहादुर रावल |
| १४ | मोटरसाईकल | १ | २३७९०० | २०७६.०६.२७ | सु.प्र.प-०१-००३ब.१६१७ | अ.स.ई.भरतबोहरा |
| १५ | मोटरसाईकल | १ | ४८४९०० | २०७८.०१.१४ | भे.१.ब.१६९८ | दिपक खड्का |
| १६ | मोटरसाईकल | १ | | २०७८.१०.२५ | रा ६ प ४०१३ | प्रशासकिय अधिकृत |
| १७ | मोटरसाईकल | १ | १९९९१२ | २०७८.११.१८ | सु.प्र.प. ०१-००१- ब २२४५ | बिष्णु जैसी |
| १८ | स्कुटर | १ | | २०७६.०३.१७ | | मन्जु महत |
| १९ | स्कुटर | १ | | २०७८.१०.२५ | भे ११ प ३६८६ | पुनम शाही |
| २० | कार/जिप | १ | ४२३५०००० | २०७१.१२.२४ | भे.१.झ.१९४ | धर्मेन्द्र स्वार |
| २१ | कार/जिप | १ | ७०७५०००० | २०७६.०६.१५ | प्र.नं.३-०१-००२झ ४९७१ | नरध्वज भाट |
| २२ | डोजर/लोडर | १ | ३७५०००० | २०७३.०३.२९ | भे.१ ग ९८ | तिलक कोइराला |
| २३ | एक्जाभेटरडोजर | १ | १.२E+०७ | २०७६.०२.१९ | बा १ ग ३५९५ | खडक शाही |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | टिप्पर | १ | २६१०० ०० | २०७२.०२.२१ | भे.१.७६ | जगत बहादुर बोगटी |
| २५ | दमकल | १ | ५८७५० ०० | २०७२.०३.२४ | भे.१.ग.७९ | जगत बहादुर बोगटी |
| २६ | एम्बुलेन्स | १ | | | बा.२.झ.३१० ५ | राजेश भाट |

**मंगलसेन नगरपालिकामा सञ्चालन भई रहेका उपकरणहरुको विवरणः**

| सम्पत्ती | प्राप्ति मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| डिजिटल नोटीस बोर्ड | २०७५।०३।२५ | १ | २९९४५०।- | नगरपालिका प्रशासनिक भवन |
| Software Rajmarg/CMS Software oneline | २०८०।१।१३ | १ | १८००००।- | नगरपालिका प्रशासनिक भवन |
| Software Rajmarg/CMS Software offline | २०८०।१।१३ | १ | १३००००।- | नगरपालिका प्रशासनिक भवन |
| अन्य कार्यालय उपकरण/ टपरी बनाउने मेसीन | २०७९।३।२० | १ | १७००००।- | मेटपा कार्यक्रम |
| अन्य कार्यालय उपकरण/ होजियारी मेसीन | २०७९।३।२० | १ | १५५०००।- | मेटपा कार्यक्रम |
| एन आइ गन/VIsiual A.I. Gun ftxed | २०७९।१०।२० | १ | १६००००।- | पशु सेवा शाखा |
| पानी तात्ने पम्म/water cooler with Heater and filter | २०७९/७/११ | २ | ४८६७२५/६६ | नगरपालिका |
| भ्याक्सि स्टोरेज रेपरीजेटर/Godrg Barand Uaccine Refngeator Medical | २०८०/३/१८ | ४ | १४१२०००।- | बालागाउँ, जुपु जनालीबण्डाली र कुन्तीबण्डाली |
| ल्यापटप डेल -i५ | २०७५/२/२३ | १ | १०८०००।- | |
| ल्यापटप डेल -i५ | २०७५/३/२५ | १ | १०८३६१।- | |
| ल्यापटप डेल -i७ | २०७५/३/२५ | १ | १०५०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ल्यापटप डेल —i५ ultra Book | २०७६/६/२६ | १ | १२०७०७।- | |
| ल्यापटप डेल —i७ ultra Book | २०७७/६/२६ | २ | ३७२०८६।- | |
| ल्यापटप डेल —i७ | २०७८/१/२४ | १ | १०८४८०।- | |
| ल्यापटप डेल —i७ -५१२GB SSD/८GB/२GB/Graphic | २०७८/७/२९ | १ | १६००००।- | |
| CCTV Camera | २०७८/०७/१७ | ४ | ४३४०६९।- | मंगलसेन बजार |
| ल्यापटप डेल —i५ १६ GB RAM,५१२SSD | २०७८/९/१४ | २ | २५००००।- | |
| ल्यापटप डेल —i५HDD & SSD ८GB,२GB Graphics | २०७८/१०/२० | २ | २०४०००।- | |
| ल्यापटप डेल —i७ ५१ GB SSD/८GB /Touch | २०७८/१०/२० | १ | १८२०००।- | |
| ल्यापटप डेल —i७ ८th generation,८GB/२५६GB ssd,१४ inch,touch | २०७८/१२/१६ | १ | ११६०००।- | स्वास्थ्य शाखा |
| ल्यापटप डेल —Dell२६० ८/१*b ५१२SSD | २०७९/७/१७ | १ | १४०८००।- | दिपक खड्का |
| ल्यापटप डेल —G ५ -५५०० I७ १०th gen १६/५१२६B SSD ६ Gb graphic | २०७९/७/१७ | १ | १७१०००।- | खकेन्द्र ब. सोडारी |
| ल्यापटप डेल —G५-५५१० I७ ११th gen ८/५१२६B ४GB | २०७९/७/१७ | १ | १६२०००।- | नरेशब. कठायत |
| ल्यापटप डेल —i५ २५६SSD १६४B-१२ led | २०७९/१०/०४ | ४ | ४७२०००।- | प्रमुखउप प्रमुख /राजश्व र पशु सेवा शाखा |
| ल्यापटप डेल —insp १६/५१२ i७/१२g | २०८०/३/२० | २ | २७५०००।- | लेखा/कार्यालय प्रमुख |
| Washing Machine/चप्पल बनाउने मेसिन | २०७९/१२/२९ | १ | १२००००।- | मेटपा कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| Bluetooth Audio/video spy/ Video Management software | २०७९/२/१९ | १ | १८००००।- | अछाम अदालत |
| डेल डेस्टप सरभर कम्प्यूटर | २०७२/३/२२ | १ | १३७१६४/१४ | |
| Dell optipleze mono i५ branded | २०७५/३/२५ | १ | १०५८४१।- | |
| क्यानुन प्रिन्टर -२२०४ | २०७६/१/२२ | १ | १०६०००।- | पूर्वाधार शाखा |
| Ricoh SP c२६१५ FNW printer | २०७९/११/२६ | १ | ११६८१४/१६ | प्रशासन शाखा |

**बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन विवरणः**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | मोटरसाईकल | १ | २४९९ ०० | २०७१.०१.२९ | से.१.ब.८५७ | वडा नं.११ |
| २ | मोटरसाईकल | १ | १८९९ ०० | २०७२.०३.०७ | भे.१.ब.५२६ | खडक शाहीहे.स.चा |
| ३ | मोटरसाईकल | १ | | २०७२.०४.०२ | से.५.प.३८०९ | वस्ती गावि स/ गोदाम |
| ४ | मोटरसाईकल | १ | २०१९ ०० | २०७४.११.२९ | से.१.ब.८४८ | वडा नं.१४ |
| ५ | मोटरसाईकल | १ | २०१९ ०० | २०७४.११.२९ | भे.१.ब.८५० | वडा नं.१ |
| ६ | मोटरसाईकल | १ | २०१९ ०० | २०७४.११.२९ | से.१.ब.८४९ | वडा नं.१०/ गोदाम |
| ७ | मोटरसाईकल | १ | २०१९ ०० | २०७४.११.२९ | से.१.ब ८४७ | वडा नं.९/ गोदाम |
| ८ | मोटरसाईकल | १ | ३५८९ ०० | २०७५.०२.२२ | से.१.ब.८६० | कार्यालय/ गोदाम |

३५ **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना

व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ६ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको छन भने २३ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३६ **पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल भरपाई र कागजात सहितको प्रतिवेदन पेश गरी पेश्की फस्यौंट गरिसक्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको पेश्की वर्षान्तको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नु पर्दछ ।

म्याद नाघेको पेश्की

| पेश्की लिएको मिति | गो.भौ.नं. | विवरण | पेश्की लिनेको नाम | पद | पेश्की रकम |
|---|---|---|---|---|---|
| २०७९/१०/०६ | ९८ | राष्ट्रपतिरनिङ्ग सिल्ड प्रतियोगिता | जगतबहादुर रावल | अधिकृतछैठौं | १००००० |
| २०७९/११/१७ | ४० | कक्षा १-१० प्रश्न पत्र निर्माण छपाई र वितरण | जगत बहादुररावल | अधिकृतछैठौं | १००००० |
| २०८०/०३/२३ | ८८१ | कर्मचारी तालिम संचालन खर्च | नरेश बहादुर कठायत | सहायक चौथौ | ४००३१.३२ |
| २०८०/०३/२३ | ८८१ | बिमा तथा नवीकरण खर्च | नरेश बहादुर कठायत | सहायक चौथौ | ४२१९८५.३ |
| २०८०/०३/२३ | ८८१ | सेवा परामर्श खर्च र अन्य अनुसन्धान खर्च | नरेश बहादुर कठायत | सहायक चौथौ | २५५६५३.७८ |
| २०७९/०४/०१ | १ | आकस्मिकरुपमा आउने योजनाहरु | अछामजिल्ला खेलकुद विकास समिति | | ५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७९/०४/०१ | १ | नगर स्तरिय मेला व्यावस्थापन कार्यक्रम | शिव मन्दिर मेला समिति | | २५००० |
| २०८०/०३/२४ | ७३ | विद्यालय कक्षाकोठा निर्माण | कालिका आधारभुत बिधालय बान्नातोली | | ३२८००० |
| २०८०/०३/२४ | ७३ | विद्यालय कक्षाकोठा निर्माण | षोडशा देवी मा.बि.मंगलसेन अछाम । | | ४८०००० |
| जम्मा | | | | | १८००६७०.४० |

म्याद ननाघेको पेश्की

| पेश्की लिएको मिति | गो.भौ.नं. | विवरण | पेश्की लिनेको विवरण | पेश्की रकम |
|---|---|---|---|---|
| २०७९/०४/०१ | २ | डाडाँगाउ-सिमसल्लीसडक म.न.पा. | नन्दामातानिर्माण सेवा | २७९००० |
| २०७९/०८/१८ | ८९ | १४ नं.वडाकार्यालयको भवन निर्माण | जे.एस. कन्ट्रक्सन | ६००००० |
| २०७९/१०/०४ | १६ | नगरपालिकाकेन्द्र जोड्ने कालोपत्रे सडक | स्वेता - कौशिक जे. भी. | ८००००० |
| २०७९/१०/१५ | १८ | नगरपालिकाकेन्द्र जोड्ने कालोपत्रे सडक | स्वेता - कौशिक जे. भी. | ४१००००० |
| २०७९/१२/१७ | २९ | बस्तीस्वास्थ्य चौकी भवन निर्माण | न्यू हिमाल निर्माण सेवा | ३७०००० |
| जम्मा | | | | ५८७०००० |

| | |
|---|---|
| पेश्की | १८,००,६७०.४ |

३७ **प्रमाण नपुगेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा देखिएका व्यहोराहरु देहाएबमोजिम रहेका छन्।

३७.१ गो.भौ.नं. ६७(२०७९।०६।१२) मा गत बर्षको भुक्तानी दिन बाँकी अर्न्तगत आर.यार. फोटोकपी डेष्टप एण्ड छपाई सेन्टरलाई कार्यालयका लागी सामान खरिद वापत रु.३८४४५२।०० भुक्तानी भएकोमा छपाई गरिएका ठेली दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,४०० |

३७.२ गो.भौ.नं. ९(२०७९।०६।०५) मा यस मंगलसेन नगरपालिकाले नगरपालिकालाई बिपक्ष बनाई अदालतमा परेको रीट सम्वन्धी मुद्धा कानुनी सल्लाहकार श्री कृष्ण प्रशाद ढुङ्गानलाई पेश्की भुक्तानी भएकोमा उक्त पेश्की फर्स्यौटमा आवश्यक कागजात नभएकोले प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

३७.३ ....... *(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०।१२।२३ को निर्णयबाट रु. ५२,६८०.०० सम्परीक्षण गरिएको।)*

३८ **वृत्त चित्र निर्माण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। गो.भौ.नं. २२(२०७९/११/११) बाट पेश्की फर्स्यौटमा प्रतिदिन रु.१२०००।०० को दरमा ५ दिनको ड्रोनद्धारा वृत्त चित्र निर्माण वापत रु.६००००।०० भुक्तानी भएकोमा वृत्त चित्र हेर्दा ड्रोनद्धारा ५ दिन सम्म खिचिएको नदेखिएकोले सो वापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

३९ **परामर्श सेवा खरिद** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले विनियोजित बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता समेतलाई विचार गरी खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आवधिक योजना, राजश्व सुधार योजना निर्माण र नीति तथा कानून निर्माण शिर्षकबाट पालिकाको आवधिक योजना निर्माण गरे वापत फेनापति कन्सल्टेन्ट प्रा.लि.लाई रु. १४२५७००।- र भू-उपयोग योजना निर्माण गरे वापत सेफ ईन्जिनियरिङ कन्सलटेन्सी प्रा.ली. लाई रु.९९७८५७।०० भुक्तानी भएको छ । परामर्श सेवाको प्रयोग गरी तयार गरिएको नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन हुनु पर्दछ।

४० **कार्य सम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु.५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सुचक निर्धारण गरी ती सुचक मुल्याङ्कन गरी उत्कृष्ट

विद्यालयलाई अनुदान दिने उल्लेख छ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहायका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वयन पुस्तिकाको सबै व्यहोरा पालना गरी अनुदान दिएको सुनिश्चित हुने आधार प्रमाण नभएकोले सो अनुसार गरेको प्रमाण पेश हुनुपर्दछ।

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | कुन्ती मा वि | ५०००० |
| २ | बुढीगंगा बा वि के | ५०००० |
| ३ | ज्ञानदीप आ वि | ५०००० |
| ४ | शिव आ वि बान्नी | ५०००० |
| ५ | खालचौर आ वि | ५०००० |
| ६ | नवप्रभात आ वि | ५०००० |
| ७ | बावविकास आ वि | ५०००० |
| ८ | मंगलासैनी आ वि | ५०००० |
| ९ | जाल्पा आ वि ढुङ्गानी | ५०००० |
| १० | देवल आ वि | ५०००० |
| ११ | पानीमूल | ५०००० |
| १२ | ठाडागडा बा वि के | ५०००० |
| १३ | लोकतान्त्रिक बा वि के | ५०००० |
| १४ | चेतना बा वि के | ५०००० |
| १५ | जाल्पा मा वि | २००००० |
| १६ | कालिका मा वि | २००००० |
| | जम्मा | ११,००,०००।०० |

४१ **सामुदायिक सिकाई केन्द्र -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० को ६.७ मा स्थानिय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई समुदाय परिचालककाको पारिश्रमिक भुक्तानी गर्न, सामुदायिक सिकाई केन्द्रको

सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न एकमुष्ट रु.२०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत निम्म सिकाई केन्द्रलाई संचालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | मालिका सामुदायिक सिकाई केन्द्र | २००००० |
| २ | सगरमाथा सामुदायिक सिकाई केन्द्र | २००००० |
| ३ | मंगलसेन सामुदायिक सिकाई केन्द्र | २००००० |
| ४ | मोतिराम सामुदायिक सिकाई केन्द्र | २००००० |
| ५ | कुन्तीवण्ढाली सामुदायिक सिकाई केन्द्र | २००००० |

४२ **सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अर्न्तगत पालिका स्थित विद्यालयलाई अतिरिक्त कक्षा सञ्चालनको लागि जम्मा रु.३,९९,२९०।०० प्रदान गरेकोमा उक्त रकमको सहि सदुपयोगको सम्बन्धमा शिक्षा शाखाबाट अनुगमन भएको पाइएन। पालिकाले उक्त रकमकको सदुपयोग भएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

४३ **अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा बजेटमा समावेश गरी कुनै निकायलाई आर्थिक अनुदान दिदा लक्ष्य कार्यक्रम र लागत अनुमान र कुन नियमबाट दिने स्पष्ठ खुलाई पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम ५ मा अनुदानबाट संचालित कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन समेत गर्नु पर्ने व्यवस्था छ। पालिकाले पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुका विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रमको लागि जाल्पा महिला बहुउद्देश्यीय सहकारी संस्थालाईलाई रु.६०००००।०० अनुदान प्रदान गरिएकोमा अनुदान कार्यको नियमित अनुदान तथा मुल्याङ्कन गर्नु पर्दछ।

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले

स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २०० जनालाई रोजगारी उपलव्ध गराई रु.१,०३,८६,०००।०० खर्च गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्र्तगत पालिकामा सञ्चालन भएका आयोजनाको विवरण अनुसूचीमा उल्लेख गरिएको छ। लक्षित वर्गलाई ९० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।

| वडा नं | कार्यक्रम/योजना संचालन | विनियोजित बजेट | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च (१% करकट्टा) | रोजगार संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| १ | कुन्ति गाउँ देखि वडा कार्यालय सम्म गोरेटो बाटो मर्मत<br>चौकि डाँडा देखि ढुङगानी पानिमूल सम्म गोरेटो बाटो मर्मत | ८,३०,८८०/- | ८,३०,८८०/- | ८,२२,५७१·२/- | १६ | ९० |
| २ | गाईसुरीगाडा-छायातडा ग्रामिण सडक निर्माण आयोजना | ४,६७,३७०/- | ४,६७,३७०/- | ४,६२,६९६·३/- | ९ | ९० |
| ३ | बसपार्क, ओखडतोला हुदै कोलसिल सडक | ८,३०,८८०/- | ८,३०,८८०/- | ८,२२,५७१·२/- | १६ | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मर्मत तथा नालि निर्माण र विउरापानी सडक मर्मत भैसेडाडाँ, लाछिमना पोखरा खादँ हुदै सुरैकोट सडक मर्मत तथा नाली निर्माण | | | | | |
| ४ | उम्ले बामनगाउँ पिपल रुख गोरेटो बाटो निर्माण स्यालढुप्का खाण्डाडाँ गोरेटो बाटो निर्माण | ८,३०,८८०/- | ८,३०,८८०/- | ८,२२,५७१·२/- | १६ | ९० |
| ५ | अव्यवस्थित पाईपलाईन व्यवस्थापन ग्रामिण सडक नाला निर्माण | ८,३०,८८०/- | ८,३०,८८०/- | ८,२२,५७१·२/- | १६ | ९० |
| ६ | सडक मर्मत तथा नाली व्यवस्थापन र रिङ्गरोड | ६,७५,०९०/- | ६,७५,०९०/- | ६,६८,३३९.१/- | १३ | ९० |
| ७ | ठुलासैन कवासेखोला सडक मर्मत सम्भार आयोजना | ६,२३,१६०/- | ६,२३,१६०/- | ६,१६,९२८.४/- | १२ | ९० |
| ८ | माथिगाउँ गाउँ देखि काठेआम सम्म गोरेटो बाटो निर्माण आयोजना | ६,७५,०९०/- | ६,७५,०९०/- | ६,६८,३३९.१/- | १३ | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | वडा नं ९ भित्रका सम्पूर्ण गोरेटो निर्माण तथा मर्मत आयोजना | ६,२३,१६०/- | ६,२३,१६०/- | ६,१६,९२८.४/- | १२ | ९० |
| १० | भुवागडा सिलावाडा सडक मर्मत निर्माण आयोजना | ५,७१,२३०/- | ५,७१,२३०/- | ५,६५,५१७.७/- | ११ | ९० |
| ११ | बल्डाँडा देखि ठाटीखादँ सम्म सडक सोलिङ्ग तथा नाली निर्माण | ६,२३,१६०/- | ६,२३,१६०/- | ६,१६,९२८.४/- | १२ | ९० |
| १२ | कोलटिक्रा देखि थला सम्म गोरेटो बाटो निर्माण आयोजना<br>सार्की टोल देखि बाघखोला हुदै रवा सम्म गोरेटो बाटो निर्माण | ९,३४,७४०/- | ९,३४,७४०/- | ९,२५,३९२.६/- | १८ | ९० |
| १३ | बोहरा धारा देखि शहरी स्वास्थ्य किल्नीक सम्म गोरेटो बाटो निर्माण आयोजना<br>पिपललेख देखि नालापानी थालेबाटा हुदै गौलानी सम्म,खाण्डाँडा पिपललेख देखि लनउतेपिपल सम्म गोरेटो बाटो निर्माण आयोजना | ९,३४,७४०/- | ९,३४,७४०/- | ९,२५,३९२.६/- | १८ | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खारपानी बडरुख बाटो मर्मत, खारपानी देखि मल्लोवाडा सम्म गोरेटो बाटो निर्माण | | | | | |
| १४ | अन्नपूर्ण मा.वि देखि बान्नातोलि सम्म गोरेटो बाटो निर्माण तथा मर्मत आयोजना मलातिको सिमाना, वडपिपल हुदै नव प्रभात सम्म गोरेटो बाटो निर्माण तथा मर्मत आयोजना | ९,३४,७४०/- | ९,३४,७४०/- | ९,२५,३९२.६/- | १८ | ९० |
| | जम्मा | १,०३,८६,०००।०० | | | २०० | १२६० |

४५ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ४७ वटा विद्यालयलाई जम्मा रु.४१,८८,०००।०० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

४६ **पाठ्यपुस्तक अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को २.८.३ को क्रियाकलाप २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विर्द्याथीहरुको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट विवरण प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गरी पहिलो पटक ७५ प्रतिशत र दोस्रो पटकमा बाँकी २५ प्रतिशत रकम निकास गर्ने व्यवस्था छ। नमुना परीक्षणको क्रममा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ।

| षोडशा माध्यामिक विद्यालय मंगलसेन | | |
|---|---|---|
| कक्षा | IEMIS तथ्याङ्क | पाठ्यपुस्तक खरिद संख्या |
| १ | २३ | २५ |
| २ | १८ | २३ |

| | | |
|---|---|---|
| ३ | २३ | ३५ |
| ४ | ४० | ४५ |
| ५ | ३८ | ५० |
| ६ | ८६ | १६० |
| ७ | १७६ | १८५ |
| ८ | २२० | २३० |
| ९ | २७८ | २५५ |
| १० | १९९ | २२० |

यसै गरी कक्षा १, २ र ३ को अङ्ग्रेजी तर्फको गणित पुस्तक थप क्रमशः २५ सेट, २५ सेट र ३५ सेट खरिद भएको छ। यसरी निकासा भुक्तानी दिएको तथ्याङ्क र IEMIS मा प्रविष्ट तथ्याङ्क बिच फरक देखिन्छ। तसर्थ विद्यालयले आफ्नो IEMIS तथ्याङ्कलाई अद्यावधिक गर्ने तर्फ र नगरपालिकाले पाठ्यपुस्तकको निकासा दिदाँ IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि भुक्तानी गर्न तर्फ ध्यान दिनुपर्दछ।

४७ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४८ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४९ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४७ वटा सामुदायिक विद्यालयमा ५२४ शिक्षक दरवन्दी रहेकोमा ५२२ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। ४७ वटा सामुदायिक विद्यालयमा ८२५८ जना विद्यार्थी अध्ययनरत रहेका छन्। पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

५० **शिक्षक तलब**

*....... (प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०।१२।२३ को निर्णयबाट रु. ४,९२६,११०.०० सम्परीक्षण गरिएको।)*

५१ **प्रमाण बेगर खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल, भरपाई तथा अन्य प्रमाणित कागजातहरु संलग्न हुनुपर्ने व्यवस्था छ। गो.भौ.नं.२८७(२०८०/०३/१३) बाट सामुदायिक विद्यालयहरुलाई १०० थान फिल्टर र १२० थान गिलास वितरणको भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८४,६८३.६४ |

५२ **स्यानीटरी प्याड** - शिक्षा तथा मानव स्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को २.८.१० को क्रियाकलाप २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्मका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापनको लागि कक्षा ६-१२ सम्मका छात्राहरुको तथ्याङ्क यकिन गरि सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ले तोकिएको स्पेसिफिकेशन अनुसार वार्षिक १० महिना अवधिका लागि पुग्ने सेनिटरी प्याड स्थानीय तहले आवश्यक व्यवस्था गर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ७००० थान दिदी बहिनी जैविक प्याड उद्योग अछामबाट प्रति इकाई १३५.३५(भ्याट सहित) खरिद गरेको छ। यसरी पालिकाले सेनिटरी प्याड खरिद गर्दा विद्यालयमा छात्राको तथ्याङ्कलाई आधार मानि खरिद गरेको देखिएन। पालिकाले विद्यार्थीको संख्यालाई यकिन गरि वास्तविकताको आधारमा १० महिना अवधिलाई पुग्ने गरि सेनिटरी प्याडको खरिद तथा वितरणको व्यवस्था मिलाउनु पर्ने देखिन्छ। साथै स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ को अनुसूची-१ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन। त्यस्तै एकै प्रयोजनका लागि बिभिन्न पालिकाले खरिद गरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तर देखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया

पुरा भएको नदेखिनु मनासिब देखिएन। पालिकाले सेनिटरी प्याड खरिद प्रकृयामा कार्यविधिमा तोकिएको मापदण्ड अनुसार सेनिटरी प्याडको मापदण्ड निर्धारण र तोकिए बमोजिमको मापदण्डमा सेनिटरी प्याड भए नभएको एकिन गरेको पाइएन। यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ।

---

५३ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** - शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को २.८.५ को क्रियाकलाप २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रयोजनको लागि वार्षिक रु.१२०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नु पर्ने व्यवस्था छ। पालिकाले ४९ वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय १२०००।०० को दरमा रु.५८८०००।०० रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरुपमा अनुगमन हुनुपर्दछ।

---

५४ **शिक्षकको तलब भत्ता बढी निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। प्राविधिक भत्ता नपाउने श्री मंगला ने.रा.मा.वि. कि शिक्षिका श्री सिता कुमारी बोगटीलाई रु.१००००।०० प्राविधिक भत्ता निकासा भएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

---

५५ **अतिरिक्त प्रधानाध्यापक भत्ता** - विद्यालयका शिक्षक तथा अन्य खर्चहरु संघीय सशर्त अनुदानबाट खर्च गरिनु पर्दछ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को २.२ मा प्रा.वि. प्र.अ. भत्ता रु. २००, नि.मा.वि. प्र.अ.भत्ता रु.३०० र मा.वि. प्र.अ. भत्ता रु.५०० को व्यवस्था छ । पालिकाले कुनै कार्यसम्पादन सुचक नतोकि ४९ वटा प्रा.वि. प्र.अ. लाई प्रति विद्यालय रू. ५०० अतिरिक्त भत्ता समानिकरणबाट थप गरि पालिका स्थित ४९ विद्यालयका प्र.अ.लाई भुक्तानी दिएकोले देखियो । संघीय कार्यक्रमको लागि पालिकाले समानिकरण अनुदानबाट अतिरिक्त रकम भुक्तानी हुँदा थप आर्थिक भार परेको देखिएकोले नियमित हुनु पर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | २,९४,००० |

---

५६ **अनुदान व्यवस्थापन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०७९/८० मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वयन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदनल देखिएन। अतः विद्यालयमा

गएको अनुदान रकम प्रभावकारीरुपमा कार्यान्वयन भएको छ भनि विश्वस्त हुने आधार देखिएन। पालिकाले कार्याक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | ३४,५८,८००।०० |
| २ | पाठ्यपुस्तक अनुदान | ५५,४९,३६०।०० |
| जम्मा | | ९०,०८,१६०।०० |

५७ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ३३५८५८४।०० का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने संकेत नरहेको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५८ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५९ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको कुनै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाले नियमावलीमा तोकिएको १० लाखको सीमा एक पटकमा मात्र ननाघ्ने गरी तर एक आर्थिक वर्षमा पटक पटकको खरिद बाट उक्त सीमा नाघेको अवस्था छ । नगरपालिकाबाट विनियोजित कूल पुँजिगत बजेटको १४ प्रतिशत अर्थात रु १ करोड ४१ लाख ७२ हजार रकमको विभिन्न प्रकृतिका निर्माण कार्य विभिन्न २२ फर्मबाट र वस्तु तथा सेवा तर्फ रु. १९०९५०४।०० समेत कुल रु.१,५९,९१,७६८।०० को सोझै खरिद गरेको अवस्था छ ।उपभोक्ता समितिबाट कार्य गराउदा ओभरहेड तथा मुअकर समेत दिनु नपर्ने तथा जन सहभागिता समेत जुट्न सक्ने र ठेक्का मार्फत कार्य गराउदा घटाघट पनि हुन सक्ने अवस्थामा सोझै निर्माण व्यवसायी बाट खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य अत्याधिक महंगो परेको अवस्था छ । सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन ।

**निर्माण कार्य तर्फ**

| क स | निर्माण व्यवसायीको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ईमर्जीङ् अल्टरनेटिभ सस्टेनेवल टोक्नोलोजी प्रा लि | बायोग्यास प्लाण्ट जडान | ९९२१८७ |
| २ | श्रीपाल निर्माण सेवा | खन्टान्ला ग्रामिण सडक निर्माण | ७२१०९९ |
| ३ | पारश कन्स्ट्रक्सन | ४ नं वडाको वाल निर्माण | ९५५०९१ |
| ४ | रामरोशन कन्स्ट्रक्शन | वडा १४ सडक बाटो निर्माण | ७१५४७० |
| ५ | आशिष निर्माण सेवा | वडा नं ४ र ५ को ग्याविन जाली निर्माण | ९४२७०८ |
| ६ | जमुना निर्माण सेवा | वडाका सडक मर्मत | ९९१८६९ |
| ७ | रञ्जना निर्माण।रञ्जना सप्लायर्स | वडाका सडक मर्मत | ९८७७९१ |
| ८ | खुशी खुस्वु निर्माण सेवा | बाटो मर्मत | ४८८०१५ |
| ९ | नन्दमाता निर्माण सेवा | बाटो निर्माण | ६५७३९० |
| १० | किरण निर्माण सेवा | सडक मर्मत | ५८७४५१ |

| | | | |
|---|---|---|---|
| ११ | खेमाज कन्स्ट्रक्सन | सडक मर्मत | ७६३९८८ |
| १२ | धर्मा एण्ड सन्स निर्माण सेवा | सडक मर्मत | ४९४१११ |
| १३ | के एस कन्स्ट्रक्सन | वडा न ३ को वाल निर्माण | ८६७७४३ |
| १४ | जे एण्ड जे रावल कन्सट्रक्सन | वान्नातोली सडक निर्माण | ९२१६०८ |
| १५ | नविन निर्माण सेवा | तापी घारीया सिचाँई कुलो निर्माण | ५५५०५४ |
| १६ | रिवाज निर्माण सेवा | षोडसा स्कूल र दरवार क्षेत्रको फिनिसिङ काम | ७१४५३३ |
| १७ | सरस्वति निर्माण सेवा | सडक निर्माण | ३९९०२७ |
| १८ | संगम निर्माण सेवा | सडक सफाई तथा डम्पिङ् साइट व्यवस्थापन | ४७२३८९ |
| १९ | धर्मा एण्ड सन्स निर्माण सेवा | डम्पिङ् साइड जाने स्ल्याव र नाला निर्माण | ९७८६६० |
| २० | रामारोसन कन्स्ट्रक्सन | मेसिनरी वाल निर्माण | ४८०००० |
| २१ | सिर्जन निर्माण सेवा | गाईसुरी गडा छायतडा ग्रामिण सडक | ४१४६३६ |
| २२ | पुर्णिमा मोवाइल ग्यालरी एण्ड सप्लायर्स | न पा विद्युत वाइरिङ् सेवा | ८९०९४८ |
| | जम्मा | | १५९९१७६८ |

**मालसामान खरिद तर्फ**

| गो.भौ.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १२२(२०७९/१०/२६) | ८थान (i५ Dell Desktop ६th Generation) र३ थान Brother Printer | ७८१८७४।०० | दाखिलामा डेक्स्टप र प्रिन्टरको सिरियल नं. उल्लेख नगरिएको |
| १४९(२०७९/११/२३) | ३८ थान सोलार खरिद | ४५६०००।०० | |
| २५८(२०८०/२/३२) | २ थान ल्याप्टप र १ थान प्रोजेक्टर खरिद | २९९४५०।०० | स्पेसिफिकेशन उल्लेख नभई खरिद गरेको |
| ३५६(२०८०/३/२४) | ४४ थान स्पिकर, ११ थान हार्डड्राईभ र मल्टिप्लग खरिद | २७५०००।१२ | |

|  |  |  |  |
|---|---|---|---|
| ४१(२०७९/७/२१) | १ थान Dell i५ ल्याप्टप | ९७१८०।०० | |
| जम्मा | | १९०९५०४।०० | |

६० **सव कन्ट्याक्टरबाट काम गराएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राखे र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।अनुसूचीमा उल्लिख उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समितिलाई जिम्मेवार वनाउनु पर्दछ।

| क्र स | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक)को भुक्तानी | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत |
|---|---|---|---|---|
| १ | डाँडीगडे साल्पाटा ग्रामिण सडक निर्माण उपभोक्ता समिति | ३८४०००।०० | सरस्वति निर्माण सेवा | ४५४९९९।०० |
| २ | डाँडीमाटी खप्राल बुढावाडा सडक निर्माण उपभोक्ता समिति | ४७६११७।०० | के एम कन्स्ट्रक्सन | ४७६११७।०० |
| ३ | चिउरीखोला नारे गैराघरा खर्चेगडा सडक नि उ स | १९१११६।०० | भण्डारी निर्माण सेवा | १९१११६।०० |
| ४ | विजडा बुडावाडा लोडे ग्रामिण सडक नि उ स | २४००००।०० | सरस्वती निर्माण सेवा | २८३९९९।०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | सिमसल्ला खडा जनाली झरना सडक नि उ स | १२००००।०० | सिर्जना निर्माण सेवा | १०५०००।०० |
| ६ | घट्टेखोला सडक निर्माण उ स | २३६१६०।०० | जमुना निर्माण सेवा | २४०४२६।०० |
| | डम्पिङ साइट सडक स्तरोन्नति उ स | २३४२४०।०० | कन्चन उड ईण्डस्ट्रीज | २७६८६४।०० |
| ७ | जम्मा | १४४७३९३।०० | | |

६१ **मालसमान तथा उपकरण खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन साथै उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

| क स | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४ भ्याक्सिन रेफ्रिजेरेटर खरिद | न्यू जे एम अर्डर सप्लार्यस | १७५०८०८.०० |
| २ | कम्प्यूटर तथा ल्यापटप खरिद | सागर कम्प्युटर एण्ड डिजिटल फोटो स्टुडीयो | ४६०७३५।०० |
| ३ | कम्प्यूटर तथा ल्यापटप खरिद | थ्याङ्क यु विजनेस | ५५७०९० |
| ४ | कम्प्युटर तथा ल्यापटका पार्टस खरिद | पुर्णिमा मोवाइल ग्यालरी एण्ड सप्लायर्स | १५०६४० |
| | जम्मा | | २९१९२७३ |

६२ **आइसिटी ल्याव स्थापना** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि

स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरि स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरुको स्टयाण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ । यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ ।

| क स | विद्यालयको नाम | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गंगा माध्यामिक विद्यालय, तोर्सीङ्गे | ईमेजिङ ट्रेड कन्सर्न | ६५००००।०० |
| २ | शिव निवास आधारभूत विद्यालय | | ६५००००।०० |
| | जम्मा | | १३०००००।०० |

६३ **पालिकाको डोजरबाट भएको सडक मर्मतको अभिलेख** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी Norms rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ । पालिकाले ईन्धन प्रयोग गरी आफ्नै डोजर प्रयोग गरी सडक मर्मत गरिएको भनि यो वर्ष निम्नानुसार ईन्धन खरिद गरी प्रयोग भएको विवरण पेश भएकोमा कुन सडक खण्डमा कति परिमाणको कार्य गर्न कति समय लाग्यो भन्ने मितिवद्द अभिलेख राखेको पाईएन । तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न हुनु पर्दछ ।

| क स | ईन्धनआपुर्तिकर्ता | ईन्धनखरिद बापतको भुक्तानी |
|---|---|---|
| १ | मुगा आयलस्टोर्स | ४५४२०६ |
| २ | मुगा आयलस्टोर्स | २२९४७२ |
| ३ | मुगा आयलस्टोर्स | ८३६३९ |
| ४ | मुगा आयलस्टोर्स | १०००६६ |
| ५ | मुगा आयलस्टोर्स | २१४७६० |
| | जम्मा | १०८२१४३.०० |

६४ **अन्य कार्यालयको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क स | विवरण | खर्च रकम |
|---|---|---|
| १ | अछाम बहुमुखी क्याम्पसको भवन निर्माण | २४७८६०२।०० |
| २ | पत्रकार महासंघको भवन निर्माण | ४९९९०३।०० |

६५ **पाईप खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट खानेपानी पाइपहरु खरिद गरी खर्च लेखेकोमा पाईपको माग विवरण लागत अनुमान जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहा खपत भयो सोको नापी किताव सहितको प्रमाण पेश हुनु पर्ने रु.

| क स | सप्लायर्सको नाम | खरिद भएको सामान | भुक्तानी रकम |
|---|---|---|---|
| १ | रञ्जना निर्माण सेवा तथा सप्लायर्स | एचडिपीई पाईप खरिद | १२८६०८।०० |
| २ | रञ्जना निर्माण सेवा तथा सप्लायर्स | एचडिपीई पाईप खरिद | २२४५८७।०० |
| ३ | मामा भन्जा ग्रुप | एचडिपीई पाईप खरिद | १५००००।०० |
| ४ | रञ्जना निर्माण सेवा तथा सप्लायर्स | एचडिपीई पाईप खरिद | ५२७१४५।०० |
| ५ | रञ्जना निर्माण सेवा तथा सप्लायर्स | एचडिपीई पाईप खरिद | १९१५३५।०० |
| जम्मा | | | १२२१८७५।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,२१,८७५ |

६६ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ।लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन।प्राविधिकले

पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

६७ **बिओक्यूमा असम्बन्धित आइट** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । खरिद सम्झौताको पिएस आइटममा राखिएका बीमा, ल्याव परिक्षण जस्ता कार्यको भुक्तानी उक्त कार्य सम्पादन भई विजक प्राप्त भएको अवस्थामा मात्र भुक्तानी दिन सकिन्छ। पालिकाले यो वर्ष नगरपालिका केन्द्र जोड्ने पिच सडक निर्माण कार्य गर्न सम्झौता भएको स्वेता कौशिक निर्माण सेवालाई लागत अनुमानमा व्यवस्थापन खर्च भनेर लम्पसममा रू ५२००००।०० समावेश गरिएकोमा सोही अनुसार सम्झौता गरिएको देखियो । तर उक्त कार्यको कुनै पुष्ट्याई वेगर भौचर न ७० बाट एकमुष्ट रनिङ् विलमा समावेश गरी भुक्तानी भएको देखियो । सार्वजनिक निकायलाई आवश्यक पर्ने निर्माण कार्य सँग सम्बन्धित भएको र वास्तविक कार्यसम्पादनको कुनै पुष्ट्याई विना भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२०,००० |

६८ पर्यटन पूर्वाधार तर्फ

६८.१ पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी संचालन तथा व्यवस्थापन निर्देशिका २०७७ को बुदाँ न ९ मा यस कार्यक्रम अन्तर्गत संचालित आयोजनामा नगरपालिकाले ३५ प्रतिशत लागत सहभागिता गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहबाट यस कार्यक्रम अन्तर्गत संचालित आयोजना भट्टे मालिका ठूलासैन धुम्र लोचनी पर्यटकीय क्षेत्र पूर्वाधार विकास योजना मिति २०७८ श्रावण ३१ मा मिति २०७८ माघ १५ मा सम्पन्न गरिने गरी पिएस निर्माण सेवासंग रू १८९५०१६९।०० (मुअकर सहित) मा सम्झौता भएकोमा २०८० जेठ ३१ सम्म ३ पटक म्याद थप भएको छ । यस आ व को अन्त्य सम्म रू ८२४६२११।०० खर्च भएकोमा सो मध्ये पर्यटन मन्त्रालयबाट आ व २०७८।७९ मा रू ८१२४६०।०० र आ व २०७९।८० मा रू ४११४५८३।०० समेत रू ४९२७०४३।०० निकासा प्राप्त भएको देखियो भने रू ३३१९१६८।०० स्थानीय तहको स्रोतबाट भुक्तानी भएको देखिन्छ । उल्लिखित अवस्थामा स्थानीय तहले ४०.२५ प्रतिशत लागत व्यहोरिएको देखिन्छ । अत निर्देशिका अनुसार स्थानीय तहबाट ३५ प्रतिशत भन्दा बढि भएको रकम नेपाल सरकारबाट स्थानीय संचित कोषमा निकासा हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३२,९९४ |

६८.२ पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी संचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को बुदाँ न ८ मा यस कार्यक्रम अन्तर्गत स्थानीय तहबाट सञ्चालन भएको आयोजनाको कार्यान्वयनमा गुणस्तर कायम गरी छिटो छरितो रुपमा सम्पन्न गर्न जिल्ला समन्वय समितिले आवश्यक अनुगमन गरी चौमासिक रुपमा

प्रतिवेदन पर्यटन मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । यस स्थानीय तहबाट यस कार्यक्रम अन्तर्गत संचालित आयोजना भट्टे मालिका ठूलाशैन धुम्र लोचनी पर्यटकीय क्षेत्र पूर्वाधार विकास योजना मिति २०७८ श्रावण ३१ मा मिति २०७८ माघ १५ मा सम्पन्न गरिने गरी पिएस निर्माण सेवासंग रू १८९५०१६९।०० (मुअकर सहित) मा सम्झौता भएकोमा २०८० जेठ ३१ सम्म ३ पटक म्याद थप भई यस आ व को अन्त्य सम्म सम्म रू ८२४६२११।०० खर्च भएको आधारमा ४३ प्रतिशत मात्र भौतिक प्रगति भएको अवस्थामा पनि हाल सम्म तोकिएको निकायबाट कुनै अनुगमन भएको छैन । सम्झौता बमोजिमको अवधिको २६६ प्रतिशत म्याद थप हुँदा ४३ प्रतिशत मात्र भौतिक प्रगति भएको अवस्था स्वभाविक देखिदैन । निर्देशिकामा तोकिएको निकायहरुले अनुगमन गरी सम्बन्धित निकायमा आवधिक प्रतिवेदन समेत गर्न लगाई योजना कार्यान्वयनमा प्रभावकारिता अभिवृद्दि गर्न खरिद नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनु पर्दछ ।

---

६९ **प्रमाण पेश हुन नसकेको कार्य** - सार्वजनिक खरिद नियमाली, २०६४ को नियम १२३(ख) मा सार्वजिनक निकायले कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा वास्तविक परिमाण पेश भएका अन्य कागजातबाट पुष्टि हुन नसकेकोले वास्तविक परिमाण भन्दा बढी भएको भुक्तानी सम्बन्धि उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु.

| योजनाको नाम | कामको विवरण | परिमाण घन मिटर | आवश्यक सिमेण्टको परिमाण | पेश भएको बिल अनुसारको सिमेण्टको परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| सिद्द संसारनाथ मन्दिर नि.उ.स. | १:३:६ पिसिसि कार्य | ४७.९१ | २१०.८ बोरा | १२५ बोरा | ११४९.०० | ९८६०६।०० |
| पालिका केन्द्र जोड्ने गोरेटो बाटो नि.उ.स. | १:२:४ पिसिसि कार्य | २६.९६ | १७२.२५ बोरा | १२५ बोरा | ९६०।०० | ४५६६६।०० |
| राधा मावि सडक नि.उ.स. | १:२:४ पिसिसि कार्य | १८.५४ | ११८.६५ बोरा | ५० बोरा | ९६०।०० | ६५९४४।०० |
| जम्मा | | | | | | २१०२१६।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०,२१६ |

---

७० **खरिदमा न्यून प्रतिस्पर्धा**- सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ । यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईविडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो । टेण्डर फारम विक्री संख्या दाखिला संख्या तथा वोलपत्र मूल्याङ्कनको स्थिति विष्लेशण गर्दा बोलपत्र दाताहरु आपसमा मिलोमतो हुन सक्ने अवस्था देखिन्छ ।खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ ।विद्युतीय खरिद व्यवस्थापनलाई प्रयोगमा ल्याउनु पर्दछ ।

| खरिदको विवरण | टेण्डर दाखिला संख्या | छनौट भएको व्यवसायीको नाम | सम्झौता रकम मु अ करबाहेक | लागत अनुमान भन्दा घटिएको प्रतिशत |
|---|---|---|---|---|
| नगरपालिका केन्द्र जोड्ने पिच (रोड डिविएसटि) | १ | स्वेता कौशिक जे भी | ४४८२७०९५ | ०.९२ |
| स्वास्थ्य चौकी निर्माण अछाम १३ | २ | न्यू हिमाल निर्माण सेवा | ६८४७२९५ | ०.००१ |
| खड्खडे खानेपानी योजना अछाम १४ | १ | पूर्णदिवी निर्माण सेवा | ५२६००४५ | १.८६ |

बेरुजु दफा नं. ५० को सम्परीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी एकमुष्ट अनुदान दिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान नगरी पालिका मातहतका विभिन्न विद्यालयहरुमा ३ जना प्रा.वि. शिक्षकलाई रू.२६६१०।-, ८ जनालाई रू.३२२००।- र ६ जनालाई रू.३७९९०।- मासिक पारिश्रमिक भुक्तानी गर्न गरी शिक्षक नियुक्त गरी बार्षिक रू.४९२६११०।- खर्च लेखेको छ । पालिकाले विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्ने तर्फ ध्यान दिनुको साथै दरबन्दी बेगर शिक्षक तथा कर्मचारी नियुक्त गरी समानीकरण अनुदानबाट पारिश्रमिक भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ। | ०.०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मंगलसेन नगरपालिका, अछाम।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बाबुराम पौडेल | २०८०-३-५ | २०८०।३।३१ |
| कार्यालय प्रमुख | खकेन्द्र बहादुर सोडारी | २०७७-५-२५ | २०८०।३।४ |
| लेखा प्रमुख | विष्णु प्रसाद उपाध्याय | २०७६-१०-११ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण :**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,४३९,९५०.०२ | ५,२२०,११० | १,७३१,६३८.६४ | ० | ० | १,८००,६७०.४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १४,१९२,३६९.०६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फस्योंट गरी सम्परीक्षण भएको रकम रु.** | | | | | ८,२४५,०५०.०२ |
| **सम्परीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५,९४७,३१९.०४ |

**स्थानीय तह** : मंगलसेन नगरपालिका, अछाम ।

| **गत बर्षको जिम्मेवारी** | | ६९६२६९१६.६३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५२८४३०८३ | **चालु खर्च** | ४२३०३८९१८.७८ |
| **प्रदेश सरकारबाट अनुदान** | १३५४५००० | **पूँजीगत खर्च** | १५१७०१७६०.२१ |
| **राजश्व बाँडफाँट** | ९८०२७८९७.५ | **वित्तीय/अन्य व्यवस्था** | १७८४७२८६५.०२ |
| **आन्तरिक आय** | ११२११९४१ | | |
| **अन्य आय** | १६३०३८२५९.३ | | |
| **कुल आय** | ७३८६६६१८०.८ | **कुल खर्च** | ७५३२१३५४४.०१ |
| **बाँकी मौज्दात** | | ५५०७९५५३.४२ | |